Damak Campus Journal 2023, **11 (1): 123-142**
ISSN : 2565-4772 (Print)

# ऋतम्भरा महाकाव्यमा छन्दप्रयोग

***भूमिप्रसाद दहाल***
*उपप्राध्यापक, नेपाली विभाग*
*दमक बहुमुखी क्याम्पस, दमक, झापा*
*E-mail:dahalbhumiprasad@gmail.com*

## सारतत्व

प्रस्तुत अध्ययनमा महाकवि मोहनप्रसाद भण्डारीद्वारा रचित ऋतम्भरा महाकाव्यमा प्रयोग गरिएका छन्दहरूको विश्लेषण गरिएको छ । यस क्रममा कविको परिचय र महाकाव्यको विषयवस्तुमा समान्य प्रवेश गरी प्रयोग गरिएका छन्दहरूको बारेमा अध्ययन र चर्चा गरिएको छ । यस सन्दर्भमा छन्दशास्त्रको पृष्ठभूमि, ऋतम्भरा महाकाव्यमा प्रयोग गरिएका छन्द, तिनको लक्षण र यसै महाकाव्यबाट उदाहरणहरू दिँदै प्रयोग भएका छन्दहरूको गणना गर्दा यसमा मालिनी, तोटक, शालिनी, मल्लिका, मन्दाक्रन्ता, वसन्ततिलका, द्रुतविलम्बित, अनुष्टुप्, शिखरिणी, पञ्चचामर, स्रग्धरा, स्रग्विणी, भुजङ्गप्रयात, उपजाति, वियोगिनी, शार्दूलविक्रीडित, वंशस्थ (वंशस्थ+इन्द्रवंशा), विजया, भुजङ्गसङ्गता, कामदा, शशिवदना, इन्द्रवंशा, चामर, रथोद्धता, संयुता, उपेन्द्रवज्रा, चम्पकमाला, स्वागता र अभिनवतामरसा गरी २९ वटा छन्द पाइएका छन् । यति धेरै छन्दहरूको सहज प्रयोगले छन्दप्रयोगका दृष्टिले ऋतम्भरा महाकाव्यले धेरै कुरामा समानता राख्तै खास गरेर छन्द-प्रयोगमा शाकुन्तलीय मार्ग र प्रविधि अँगालेको देखिन्छ भन्ने निष्कर्ष निकालिएको छ । वि.सं. २०७३ सालमा प्रकाशित ऋतम्भरा महाकाव्य मूलरूपमा पूर्वीय चिन्तन, धर्मदर्शन, बौद्धिक चेतना, कलाचेतना आदिको अनुशीलनबाट नै मानवसमाज सुखी र सम्पन्न बन्न सक्छ भन्ने दार्शनिक चिन्तनमा आधारित देखिन्छ । यो महाकाव्य पूर्वीय र पाश्चात्य क्षेत्रलाई जोडेर विश्व भूगोल, जलसम्पदा र प्राकृतिक सम्पदालाई एकीकृत गरी नेपाली काव्यवाटिकामा सिर्जनाको नयाँ स्वरूप ल्याउने महाकाव्य पनि पाइन्छ । यसको सिर्जना आद्योपान्त छन्दोबद्ध कवितामा भएकाले छन्दविधानका दृष्टिले यो अनुशीलनयोग्य देखिन्छ । छन्दमा साङ्गीतिकता, श्रुतिमधुरता तथा वर्ण र मात्राको क्रमबद्ध श्रृङ्खला रहने हुँदा काव्यपरम्परकमा यसको विशिष्ट भूमिका रहिआएको छ । ऋतम्भरा महाकाव्यमा पनि छन्दकविताको निरन्तरता देखिएको हुँदा यसको छन्दप्रयोग हेर्नु यस लेखको मूल अभिप्राय रहेको छ । यसका लागि ऋतम्भरा नै प्राथमिक सामग्री रहेको छ । यस महाकाव्यका सन्दर्भमा आएका भूमिका, लेखकीय आदिलाई र छन्दको विवेचनासम्बन्धी पादटिप्पणीमा राखिएका सामग्रीलाई द्वितीयक सामग्रीमा लिइएको छ । विषको विश्लेषण गर्दा गणसूत्रका आधारमा महाकाव्यमा रहेका भिन्नभिन्न छन्दहरूको पहिचान गरी कुनै एक छन्दका लागि कुनै एक चतुष्पदी पद्य महाकाव्यबाटै लिएर विषयशीर्षकलाई वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी अर्थापन विधिद्वारा यस लेखमा प्रयुक्त सारको निरूपण गरिएको छ ।

**शब्दकुञ्जिका :** ऋतम्भरा, गणसूत्र, चतुष्पदी, छन्द, छन्दशास्त्र, त्रिवृत्त, मनोयो, विमान शाल्मली वृक्ष लौकिक छन्द, वैदिक छन्द ।

## पृष्ठभूमि

'ऋतम्भरा' (२०७३) महाकाव्यमा छन्दप्रयोग हेर्नु नै प्रस्तुत लेखको मुख्य विषय हो । यसका कवि मोहनप्रसाद भण्डारीको जन्म वि.सं. २००९ साल कार्तिक २६ गते ताप्लेजुङ् जिल्लाको हाङ्पाङ्मा भएको हो । समाजशास्त्रमा स्नातकोत्तर र संस्कृतमा 'सर्वदर्शनाचार्य' जस्ता विशिष्ट र गरिमामय शैक्षिक उपाधि प्राप्त गरिसकेका कवि भण्डारीले नेपाली साहित्यमा फुटकर कवितादेखि लिएर खण्डकाव्य हुँदै महाकाव्यसम्मको यात्रा पार गरेका छन् । ज्ञानविज्ञान, धर्मदर्शन, समाजशास्त्र र राजनीतिक विषयमासमेत कलम चलाउने भण्डारीको कार्यक्षेत्र भने झापाको दमक रहेको छ । विद्यार्थी अवस्थाबाटै सन् १९७४ देखि नै बनारसबाट प्रकाशित हुने उत्साह, समर्पणजस्ता साहित्यिक पत्रिकामा रचना प्रकाशन गरेर औपचारिक रूपमा साहित्ययात्रा प्रारम्भ गरेका महाकवि भण्डारी पेशाले पहिले दमक न.पा.अन्तर्गतकै ढुकुरपानी मा.वि.का शिक्षक र विगत ३०-३१ वर्षसम्म स्थानीय दमक क्याम्पसमा प्राध्यापन र क्याम्पस प्रमुखको समेत जिम्मेवारी निर्वाह गरी हाल प्राध्यापन कार्यबाट सेवानिवृत्त भई शान्तिपूर्ण आध्यात्मिक जीवन बिताइरहेका छन् । दमककै साहित्यिक संस्था प्रतिभा निकेतनको प्रकाशन 'प्रतिभा' को प्रमुख सम्पादकको भूमिकामा रहेर काम गरेका भण्डारीका 'प्रेयसी' खण्डकाव्य (२०५३), 'प्रजातान्त्रिक समाजवाद', 'धर्मजिज्ञासा' र अन्य फुटकर लेखरचनाहरू पनि प्रकाशित भइसकेका देखिनाले भण्डारी नेपाली वाङ्मयका साधक ठहरिन्छन् ।

कवि मोहन भण्डारीको कवित्व स्वच्छन्दतावादबीचको उचित समायोजन र सन्तुलनमा अघिबढेको भेटिन्छ । भावपक्ष र कलापक्षलाई सन्तुलनमा नै राखिएको पाइन्छ । यस लेखको मूल अभिप्राय ऋतम्भरा महाकाव्यमा छन्दप्रयोग हेर्नु रहेको छ । कवितालाई श्रुतिमधुर, साङ्गीतिक र वर्णमात्राको श्रृङ्खलामा आबद्ध गरी निश्चित क्रममा भावाभिव्यक्त गर्ने रचनाकौशल छन्दोबद्धतामा रहने हुनाले र प्रस्तुत महाकाव्यमा पनि विविध छन्दको प्रयोग पाइनाले तथा महाकाव्यमा छन्दप्रयोगको सिद्धान्तलाई प्रायः पालना गरेको देखिनाले यस लेखमा यसको छन्दप्रयोगमा ध्यान केन्द्रित गरिएको छ ।

### छन्दप्रयोगको तात्पर्य

ऋतम्भरा महाकाव्यलाई छन्दप्रयोगका दृष्टिले हेर्नुभन्दा पहिले छन्दशास्त्रका बारेका यहाँ केही उल्लेख गर्नु आवश्यक रहन्छ । 'छन्द' शब्दको पारिभाषिक अर्थ हेर्दा 'यति, गति र लय मिलेको वर्ण, मात्रा आदिको गणनाअनुसार पद्यात्मक रचना गरिने कुनै निश्चित मान वा रूप, त्यसरी गठन हुने विभिन्न किसिमका विशिष्ट वाक्य, वृत्त' भन्ने देखिन्छ भने 'छन्दशास्त्र' भन्नाले चाहिँ 'छन्दका नियमहरूको वर्णन भएको शास्त्र, छन्दका लक्षण र उदाहरणहरूको वर्णन भएको विषय' (ने.बृ. शब्दकोश, २०४०, पृ.४४१) भन्ने देखिन्छ । यसरी हेर्दा छन्द काव्यरचना-शिल्प मात्र नभएर काव्यरचना-शास्त्र नै रहेको पाइन्छ । ऋतम्भरा महाकाव्यमा प्रचूर मात्रामा विविध शास्त्रीय छन्दको प्रयोग गरिएको छ । शास्त्रीय छन्द वैदिक र लौकिक गरी दुई प्रकारका पाइन्छन् । वाल्मीकि रामायण लेखिनुअघि वैदिक संहिता तथा वाङ्मयमा प्रयुक्त छन्दलाई वैदिक छन्द र महर्षि वाल्मीकिले रामायण रचना गर्दादेखि यता रामायण, महाभारत, पुराण, शास्त्रीय काव्य, ललित काव्य तथा अन्य लौकिक काव्यहरूको रचनामा प्रयोग गरिएका छन्दलाई लौकिक छन्द भनिएको पाइन्छ । गणसूत्रमा आधारित छन्दको निश्चित क्रमका आधारमा तय गरी राखिएका छन्दहरूलाई नै यहाँ छन्दप्रयोग भनिएको छ ।

## समस्याकथन

महाकवि मोहन भण्डारीको ऋतम्भरा महाकाव्यलाई कथावस्तु, चरित्रचित्रण, वातावरण, वैचारिक चिन्तन, उद्देश्य आदि विविध कोणबाट अध्ययन गर्न सकिन्छ । महाकाव्य मूल्यवान् र कलापूर्ण बनाउनका लागि यी सबै तत्वहरूको उचित समायोजन हुनु पनि पर्दछ । यी सबै तत्वलाई जोडेर समष्टिगत स्वरूप प्रदान गर्न भाषाशैलीको विशेष आवश्यकता रहन्छ । छन्द भाषिक विशेषता र रचनाविशेषतामा पनि जोडिएर आउने हुनाले प्रस्तुत महाकाव्यलाई छान्दिक सौन्दर्यका आधारमा विश्लेषण गर्दा निम्न समस्यामा केन्द्रित भई यो लेख तयार पारिएको छ :

(क) ऋतम्भरा महाकाव्यमा के कस्तो छन्दप्रयोग पाइन्छ ?

## उद्देश्य

समस्यामा उठाइएको प्राज्ञिक प्रश्नको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य रहेको छ । यस अध्ययनको उद्देश्यलाई तलको बुँदामा राखिएको छ :

(क) ऋतम्भरा महाकाव्यमा प्रयुक्त छन्द के कस्ता पाइन्छन् भन्ने कुराको निरूपण गर्नु ।

## पूर्वकार्यको समीक्षा

कवि मोहन भण्डारीको ऋतम्भरा हालसम्म अध्ययन गरिएका धेरै सामग्री पाइँदैनन् । पूर्वकार्यको विवरण हेर्दा प्रा.डा. गोविन्दराज भट्टराईको महाकाव्यीय भूमिका र लेखक कवि भण्डारीको लेखकीय यी दुई सामग्री यसै महाकाव्यमा उपलब्ध छन् । भट्टराईले *ऋतम्भरा : नेपाली महाकाव्य परम्परामा एक नवीनतम उपलब्धि* शीर्षकमा २६ पृष्ठ लामो भूमिका लेखेर यसको महाकाव्यीय मूल्य देखाउँदै यसका विविध विषयमा चञ्चुप्रवेश गराएका छन् । भट्टराईको धारणा अनुसार :

यो महाकाव्य पूर्वीय दृष्टिकोण, ज्ञान र दर्शनको महाकाश हो । त्यसो त यो सबै स्रष्टाको मनोआकाश हो । अत्यन्तै कम्ति मानिसले त्यो मनोलोकको कल्पना गर्न सक्लान् । यसमा ज्ञान र कल्पनाको अति व्यापक परिमन्थन छ, यो असाधारण प्रतिभाले मात्र प्राप्त गर्न सक्तछ । .......

यो सम्पूर्ण महाकाव्य सत्यपथ अनुयायी शान्त औ उद्‌बोधित जीवनको निमित्त सुमार्गको खोजी हो । ऋतम्भराको खोजी र साक्षात्कार चिन्ता हो । महाकाव्यहरू यस्ता खोजी यात्रा र अलौकिक भ्रमणले भरिएका हुन्छन् ।.......

कति कुराका अप्रचलित आगन्तुक शब्दको, कति कथा पुराण वा पूर्वी शास्त्रको ज्ञानको अभावमा पनि छामछुम गर्दै पढें, तर विशेष मोहले तानिएर यो अगम्य सागरभित्र पसेर निस्कें । एकपल्ट गंगाजीमा पसेर पवित्र स्नान गरे जस्तो भएको छ । स्रष्टाको यो उद्‌भट चेतना र कल्पनाको प्रशंसा गर्न असमर्थ छु । पूर्व पश्चिम दुवै जोडेर विश्व भूगोल र प्रकृतिलाई नेपाली आँगनमा ल्याउने यो प्रथम महाकाव्य हो । देवकोटाको झझल्को उत्पन्न गर्ने प्रतिभाले युक्त श्री मोहन भण्डारीको यस कृतिको उच्चाकांक्षा **प्रमिथस**सित तुलनीय छ । यो सम्पूर्ण मानवकल्याणको कामना गर्दै सत्यपथको अन्वेषणमा समर्पित काव्य हो ।........

**ऋतम्भरा** नेपाली काव्यले विस्तारित क्षेत्र देखाउने छ, नेपालीको मनमा विश्वबोध पलाएको देखाउने छ, यसले नयाँ पुस्तालाई अतीतको एक दुर्लभ सभ्यता अनुशरण गर्दै भविष्यको सर्वोच्च गन्तव्यतर्फ लैजाने छ ।

भण्डारी, मोहनप्रसाद (२०७३) **ऋतम्भरा** भित्र भट्टराई, गोविन्दराज (भूमिका, क्रमश पृ. तीन, छ, पच्चीस र छब्बीस) ।

त्यस्तै यस महाकाव्यका लेखक मोहन भण्डारीले *कसरी लेखियो ऋतम्भरा* लेखकीयमा यसका बारेमा केही प्रकाश पारेका छन् । भण्डारीका अनुसार :

सृजन कलाको इतिहासमा अनन्त सिर्जनाहरू बुद्धि-चेतनाको महत्तम गर्भबाट जन्मन्छन् र अर्को कालखण्डमा त्यसैमा समाहित हुन्छन् । परमाणुदेखि ब्रह्माण्डसम्मको वस्तुसत्ता बुद्धि -चेतनाकै लीलाभूमि हो । त्यसो भए बुद्धिको सृजना, नियन्त्रण र प्रकाशन चाहिँ कहाँबाट हुन्छ त ? सङ्सँगै यो प्रश्न अझै जटिल भएर अगाडि उभिन आइपुग्छ । संभवतः त्यसै प्रश्नका उत्तरको खोजी हो यो महाकाव्य .............।

छन्द मिलाउन कतिपय शब्द भाँचकुँच पारिएका होलान्, मात्राको प्रयोगमा कतै व्याकरणको अनुशासन मिचिएको होला, भाव मिलाउन कतै छन्द पनि भाँचिएका होलान्, .......... (भण्डारी, २०७३, पृ. क्रमशः सत्ताइस, तीस) ।

लेखकको आत्मस्वीकारात्ति अनुसारै विषयवस्तु, कवित्व र भावनाका उछालमा छान्दिक नियम कतै तर्किन, मर्किन खोजे पनि न्यून दोष पछि राखी गुणगौरवलाई अघि सारेर यो लेख तयार पारिएको छ । पूर्वकार्यमा छन्दप्रयोगको सङ्केतसम्म भए पनि अन्य अध्ययन नभएकाले छन्दप्रयोगका दृष्टिले ऋतम्भरालाई हेरी अध्ययनको एउटा क्षेत्र यसमा समेटिएको छ ।

## शोधकार्यको औचित्य र महत्व

कवि मोहन भण्डारीद्वारा लिखित ऋतम्भरा महाकाव्य आद्योपान्त छन्दोबद्ध कवितामा रहेको हुँदा यसमा के कस्ता छन्दहरूको प्रयोग भएको छ भन्ने कुराको खोज गरी यस अध्ययनमा विश्लेषण गरिने भएकाले र यस कृतिमा हालसम्म यस किसिकको विवेचना नभएकाले यस अध्ययनको औचित्य रहेको छ । यस महाकाव्यमा कविले छन्दोबद्ध कविताको परम्परालाई पूर्णतया आत्मसात गरी रचनाकौशल प्रस्तुत गरेकाले र काव्यपरम्परामा छन्दको ऐतिहासिक भूमिका पनि विशिष्ट रहेकाले यस अध्यनको महत्व छ भन्ने कुरा पनि स्पष्ट हुन्छ ।

## शोधकार्यको सीमाङ्कन

कवि मोहन भण्डारीको ऋतम्भरा महाकाव्यमा छन्दप्रयोग कस्तो छ भन्ने कुरामा मुख्यतया केन्द्रित रहनु र छन्दपरक अध्ययन गर्नु यसको सीमाङ्कन रहेको छ । प्रसङ्वश कविपरिचय, कृतिपरिचय, कथावस्तु, पात्र र परिवेशका बारेमा परि केही सन्दर्भ आएका छन् । महाकाव्यमा प्रयुक्त छन्दहरूको निरूपण गर्न र लेखको अङ्ग पूरा गर्न छन्दशास्त्रको सैद्धान्तिक पृष्ठभूमिका बारेमा पनि छोटो चर्चा गरिएको छ तापनि छन्दको अध्ययन गर्नु यसको सीमा हो ।

## शोधविधि

### सामग्री सङ्कलनविधि

प्रस्तुत शोधसमस्याको समाधानका लागि कवि मोहन भण्डारीको ऋतम्भरा महाकाव्यलाई प्राथमिक सामग्रीमा राखिएको छ भने सन्दर्भसूचीमा राखिएका सामग्रीलाई द्वितीयक सामग्रीमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययनका लागि पुस्तकालयमा प्राप्त सन्दर्भसामग्रीको अध्ययन गरी पुस्तकालयीय विधिका आधारमा समग्री सङ्कलन गरिएको छ । महाकाव्यका बारेमा केही स्पष्ट हुन लेखकसँग भेटवार्ता पनि गरिएको छ ।

## विश्लेषणविधि

प्रस्तुत आलेखलाई व्यवस्थित एवं वस्तुगत बनाउन निगमनात्मक विधिको प्रयोग गरिएको छ । कवि मोहन भण्डारीको ऋतम्भरा महाकाव्यलाई आधार बनाएर यसमा प्रयोग गरिएका छन्दलाई हेरी गणसूत्रका आधारमा तिनको पहिचान गरेर विश्लेषण गरिएको छ । महाकाव्यको सर्गगत छन्दप्रयोग र प्रयुक्त छन्दहरूको समष्टिगत विवरण दिई प्रस्तुत महाकाव्यलाई वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिसमेत प्रयोग गरी छन्दप्रयोगको निरूपण र अन्त्यमा अर्थापन विधिद्वारा निष्कर्षसहित प्रस्तुत लेखलाई पूर्णता दिइएको छ ।

### छन्दपरम्परा

'छन्द' शब्दको पारिभाषिक अर्थ हेर्दा 'यति, गति र लय मिलेको वर्ण, मात्रा आदिको गणनाअनुसार पद्यात्मक रचना गरिने कुनै निश्चित मान वा रूप, त्यसरी गठन हुने विभिन्न किसिमका विशिष्ट वाक्य, वृत्त' भन्ने देखिन्छ भने 'छन्दशास्त्र' भन्नाले चाहिँ 'छन्दका नियमहरूको वर्णन भएको शास्त्र, छन्दका लक्षण र उदाहरणहरूको वर्णन भएको विषय' (ने.वृ. शब्दकोश, २०४० :४४१) भन्ने देखिन्छ । शास्त्रीय छन्द वैदिक र लौकिक गरी दुई प्रकारका पाइन्छन् । वाल्मीकि रामायण लेखिनुअघि वैदिक संहिता तथा वाङ्मयमा प्रयुक्त छन्दलाई वैदिक छन्द र महर्षि वाल्मीकिले रामायण रचना गर्दादेखि यता रामायण, महाभारत, पुराण, शास्त्रीय काव्य, ललित काव्य तथा अन्य लौकिक काव्यहरूको रचनामा प्रयोग गरिएका छन्दलाई लौकिक छन्द भनिएको पाइन्छ भन्ने कुरा छन्दको तात्पर्यमा राखिसकिएको छ । यहाँ वैदिक र लौकिक छन्दको सामान्य परिचय दिइन्छ ।

### वैदिक छन्द

प्राचीन शास्त्रीय छन्दलाई वैदिक र लौकिक दुई वर्गमा विभाजन गरिएको पाइन्छ । वैदिक छन्द २६ रहेका देखिन्छन् । यिनीहरूमा- मा ४ अक्षर, प्रमा ८ अक्षर, प्रतिमा १२ अक्षर, उपमा १६ अक्षर, समा २० अक्षर, गायत्री २४ अक्षर, उष्णिक् २८ अक्षर, अनुष्टुप् ३२ अक्षर, बृहती ३६ अक्षर, पङ्क्ति ४० अक्षर, त्रिष्टुप् ४४ अक्षर, जगती ४८ अक्षर, अतिजगती ५२ अक्षर, शक्वरी ५६ अक्षर, अतिशक्वरी ६० अक्षर, अष्टि ६४ अक्षर, अत्यष्टि ६८ अक्षर, धृति ७२ अक्षर, अतिधृति ७६ अक्षर, कृति ८० अक्षर, प्रकृति ८४ अक्षर, आकृति ८८ अक्षर, विकृति ९२ अक्षर, संस्कृति ९६ अक्षर, अभिकृति १०० अक्षर र उत्कृति १०४ अक्षरका छन्दहरूको वर्णन (द्विवेदी, २००० : १९०) पाइन्छ । यहाँ २६ वटा वैदिक छन्दको गणना गरिए पनि गायत्रीपूर्वका ५ वटा छन्द अप्रयुक्त मानिन्छन्, त्यसैले गायत्रीदेखि पछिका २१ छन्द नै वेदमा प्रयुक्त छन्द भेटिन्छन् ।

छन्दको उत्पत्ति कहाँबाट भयो ? भन्ने कुरा हेर्दा 'छन्दांसि जज्ञिरे तस्मात्' भनेर ऋग्वेदको पुरुषसूक्तमै त्यो विराट् (यज्ञ) बाट गायत्री, उष्णिक् आदि छन्दहरू पैदा भए, जसको गणना वेदका छ अङ्गमध्ये एक अङ्गमा छ (ढुङ्गाना, २०६६, पृ. भूमिका) भन्ने पाइन्छ । वेदका छ अङ्गमध्ये कुन अङ्ग चाहिँ छन्द हो त ? भनेर हेर्दा 'छन्दः पादौ तु वेदस्य' भनेर पाणिनीय शिक्षामा यसको व्याख्या आएकाले छन्द वेदपुरुका पाउ हुन् भन्ने (झा, २०६१, पृ. १८६) स्पष्ट हुन्छ । यसरी हेर्दा छन्दलाई वैदिक, लौकिक र लोकसाहित्यको समेत कलेवर उभ्याएर आकृति दिने विशेष तत्वका रूपमा स्वीकारिएको देखिन्छ ।

छन्दलाई वेदपुरुषका पाउ मानेर जसरी पाउविना चलमल गर्न सकिँदैन, त्यसरी नै छन्दविना वैदिक मन्त्र र लौकिक श्लोकहरू चलायमान हुन नसक्ने भएकाले साहित्यमा यिनको अहं भूमिका रहने देखाइएको छ । छन्दको प्रदुर्भाव यज्ञपुरुषसँगै जोडेर हेरिए पनि यसको व्यवस्थित व्याख्याविश्लेषण गरेर शास्त्रीय

स्वरूप दिने कार्य आचार्य पिङ्गलले गरेको पाइन्छ । उनको आधिकारिक ग्रन्थ 'छन्दसूत्र' रहेको देखिन्छ । आठ अध्यायमा विभाजित यस ग्रन्थका प्रारम्भदेखि चौथो अध्यायको सातौं सूत्रसम्म वैदिक छन्दहरुको बारेमा र त्यसपछि लौकिक छन्दहरूको चर्चा देखिन्छ । छन्दसूत्रको पनि व्याख्याविश्लेषणका क्रममा भट्ट हलायुधको 'मृतसञ्जीवनी' व्याख्याग्रन्थ रहेको भेटिन्छ । लौकिक साहित्यमा पद्यबद्धतालाई छन्द भनिए पनि वेदमा भने 'नाच्छन्दसि वागुच्चरति ।' भन्दै दुर्गाचार्यले निरुक्तको वृत्तिमा छन्दविना वाणी उच्चरित हुनसक्तैन भन्ने देखाएको कुरा झा (२०६१, पृ. १८७) ले बताएका छन् । यसरी हेर्दा वेदमा प्रत्येक वाणी वा शब्दलाई छन्द मानिएको देखिन्छ । वैदिक छन्दपछि यिनीहरूकै सहारामा लौकिक छन्दको विकास र विस्तार भएको पाइन्छ ।

## लौकिक छन्द

लौकिक साहित्यमा छन्द वा पद्यको प्रदुर्भाव कहाँबाट र कसरी भयो ? भन्नेबारे लौकिक संस्कृत भाषाका आदिकवि वाल्मीकिसँग जोडिएर आएको एउटा कथा पाइन्छ । जसअनुसार शिष्यगणसहित तमसा नदीमा स्नान गरेर फर्केका ऋषि वाल्मीकिले प्रेमपूर्वक आनन्दमग्न भएर रूखमा बसेका क्रौञ्चदम्पती ( क्याङ-कुरुङका भालेपोथी) मध्ये भाले चाहिँलाई व्याधाले वाण हानेर रगतपच्छे बनाएपछि त्यस पोथीले शोक गरेको देखेर करुणार्द्र बनेका महर्षि वाल्मीकिका मुखारविन्दबाट अकस्मात् निस्केको छन्दोबद्ध पद्यबाट लौकिक छन्दको प्रादुर्भाव भएको पाइन्छ । उक्त पद्य थियो :

मा निषाद ! प्रतिष्ठान्त्वमगमः शाश्वतीः समाः,
यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम् ।

हे चाण्डाल व्याधा ! तैले यी पक्षीहरूको जोडीमा कामवासनाले मोहित भालेचाहिँलाई निर्मतापूर्वक मारिस् यसबाट तैंले निरन्तर प्रतिष्ठा (सुखानुभूति गर्न) नपाएस् । यसपछि त्यहाँ प्रकट भएका पितामह ब्रह्माले वाल्मीकीलाई आशीर्वाद दिँदै सरस्वती माताको कृपा भएको बताउँदै छन्दोबद्ध ग्रन्थ रचना गर्ने शक्ति मिलेकोमा धन्यवाद प्रदान गरेर माथि बताइएको श्लोक पहिले उच्चारण गरेर अन्य पठनपाठनमा लाग्ने व्यक्तिलाई उनै सरस्वतीले कृपा गर्ने छिन् भनेकाले नै त्यसपछि व्यासले पनि उक्त पद्यको प्रथम उच्चारण गर्दै महाभारत ग्रन्थ रचना गरेको कुरा उल्लेख (ढुङ्गाना, २०६६, भूमिका) पाइन्छ । यसैले वाल्मीकिलाई लौकिक साहित्यका 'आदिकवि' भनिएको छ ।

छन्दसूत्रका रचयिता आचार्य पिङ्गल पाणिनिका सम्बन्धित र समकालीन मानिन्छन् । यिनीभन्दा पहिले पनि छन्दशास्त्रको परम्परा रहेको थियो भन्ने कुरा यिनको छन्दशास्त्रमा वर्णित कौस्टुकि, यास्क, ताण्डी, सैतव, काश्यप, रात, र माण्डव्य जस्ता छन्दसूत्रकारको नाम उल्लेखित भएको कुराबाट (गैरोला, २००३, पृ. १६२) स्पष्ट हुन्छ । यसो भए पनि पिङ्गलले छन्दका बारेमा सिलसिलाबद्ध व्याख्या र विवेचना गरी वैदिक र लौकिक छन्दसम्बन्धी ग्रन्थ तयार गरेर पश्चवर्ती साहित्यलाई ठूलो उपकार गरेको हुँदा उनको छन्दसूत्र यस विषयमा अद्यावधिक गुरुग्रन्थ मानिन्छ ।

पिङ्गलपछि पनि छन्दको बारेमा चर्चा गरिएको पाइन्छ । अपभ्रंश भाषाका महाकवि स्वयम्भू (सातौं श.) को 'स्वयंभुछंद' नामक अपूर्ण कृति, महाकवि कालिदासभन्दा भिन्न अर्का छन्दशास्त्री कालिदास (सातौं-आठौं श.) का 'वृत्तरत्नावली' र 'श्रुतबोध', जनाश्रय (आठौ श.) को 'छन्दोविचिति', क्षेमेन्द्र (एघारौं श.)को 'सुवृत्ततिलक', हेमचन्द्र (बाह्रौं श.) को 'छन्दोऽनुशासन', केदार भट्ट (पन्ध्रौं श.) को 'वृत्तरत्नाकर', दुर्गा दास ( पन्ध्रौं श.) को 'छन्दोमञ्जरी', दामोदर मिश्र (सोह्रौं श.) को 'वाणीभूणण' तथा दुखभञ्जन (सोह्रौं श.) को 'वाग्वल्लभ' आदि विभिन्न ग्रन्थहरूको उल्लेख ( गैरोला, २००३, पृ. १६३) पाइन्छ ।

लौकिक साहित्यको प्रथम बृहदाकार 'वाल्मीकि रामायण' मा १३ वटा छन्दको, 'महाभारत' मा १८ वटा छन्दको 'श्रीमद्भागवतमा' २५ वटा छन्दको प्रयोग भएको (नेपाल, २०७४, पृ. ३३) देखिन्छ भने महाकवि माघको 'शिशुपालवध' पछि विविध छन्दको प्रयोग भेटिन्छ । नेपाली छन्दोबद्ध महाकाव्यका उपजीव्य तथा आदर्श काव्यका रूपमा रामायण, महाभारत, श्रीमद्भागवत, कालिदासका रघुवंश, कुमारसम्भव भारविको किरातार्जुनीय श्रीहर्षको नैषधीय चरित आदि देखिन्छन् । यी ग्रन्थदेखि लिएर हालसम्म आइपुग्दा र यिनीहरूको नेपाली संस्करण हेर्दा पनि नेपाली महाकाव्यमा शास्त्रीय छन्द निकै विविधतापूर्ण, कलात्मक र पल्लवित पनि भएको देखिन्छ ।

वैदिक छन्दकै आधारभूमिमा उभिएर विकसित बनेको लौकिक छन्द र यसको अध्ययनलाई अद्यावधिक गरिएको नेपाली शास्त्रीय वर्णमात्रिक छन्दको स्वरूपलाई हेर्दा जम्मा २९ भेदअन्तर्गत निम्न २६१ (नेपाल, २०७४, पृ. ४६-४७, २४२-४४) वटा छन्द पाइन्छन् । यिनीहरूको भेद र सङ्ख्या यस्तो देखिन्छ :

| छन्दका भेद | अक्षर सङ्ख्या | छन्दका नाम | छन्द सङ्ख्या |
|---|---|---|---|
| उक्ता | १ | श्री | १ |
| अत्युक्ता | २ | स्त्री, चित्र, मही, मधु | ४ |
| मध्यमा | ३ | नारी, मृगी, शशी, मन्दर, सरल, प्रतिमा, अजीत, आनन्द | ८ |
| प्रतिष्ठा | ४ | कन्या, सती, तीर्णा, घारी, नगानिका | ५ |
| सुप्रतिष्ठा | ५ | पङ्क्ति, प्रिया, सम्मोहा, यमक, हारी, हृदय,रचना | ७ |
| गायत्री | ६ | शशिवदना, सोमराजी, विद्युल्लेखा, तनुमध्या, तिलका, विमोहा, मन्थान, वसुमती, रघु, रत्नराज, युवती | ११ |
| उष्णिक् | ७ | मदखेखा,शीर्षरूपक, मधुमती, कुमारललिता, समानिका, सुवास, चूडामणि, करहान्चि, सखी, मालिका | १० |
| अनुष्टुप् | ८ | अनुष्टुप्, विद्युन्माला, चित्रपदा, माणवक, प्रमाणिका, कुर्सी,समानिका, वितान, कमल, हंसरुत, तुङ्गा, नाराचिका | १२ |
| बृहती | ९ | मणिमध्य,भुजगशिशुभृता, रूपामाली, भरजङ्गसङ्गता, हलमुखी, पाइत्ता, महालक्ष्मी, निम्ब, सारङ्गिका, तमोर, कसल | ११ |
| पङ्क्ति | १० | चम्पकमाला, हंसी, शुद्धविराट्, मत्ता, त्वरितगति, मनोरमा, द्रुता, संयुता, उपस्थिता, सारवती, सुषमा, प्रणव, मयूरसारिणी | १३ |
| त्रिष्टुप् | ११ | इन्द्रवज्रा, उपेन्द्रवज्रा, उपजाति, स्वगता, रथोद्धता, शालिनी, इन्दिरा, दोधक, सुमुखी, वातोर्मी, मोटनक, दमनक, भुजङ्गी, अनुकूला, कुपुरुषजनिता, अनवसिता, भ्रमरविलासी, श्येनिका, वृत्ता, उपस्थित, भद्रिका, पुष्पाञ्जली, माला, सुमेरु, वियोगिनी | २५ |
| जगती | १२ | भुजङ्गप्रयात, स्रग्विणी, तोटक, कुसुमविचित्रा, चन्द्रवर्त्म, वंशस्थ, इन्द्रवंशा, उपजाति, द्रुतविलम्बित, वैश्वदेवी, अभिनवतामरसा,प्रमिताक्षरा, ललिता, जलोद्धतगति, मन्दाकिनी, मालती, जालधरमाला,मणिमाला, शिखर, प्रभावली, प्रियंवदा, मोदक, मौक्तिकदाम, सारङ्ग, तरलनयन, विद्याधर, पुट, महितोज्जवला, नवमालिका, ललना, द्रुतपद,तत, | ३६ |

| | | | |
|---|---|---|---|
| | | विभावरी,उपचित्रा,कल्पित, पुष्पिताग्रा | |
| अतिजगति | १३ | प्रहर्षिणी, रुचिरा, मत्तमयूर, चण्डी, मञ्जूभाषिणी, चन्द्रिका, कलहंस, मृगेन्द्रमुख, प्रभावती, कन्द, कूटजा, जुगल, पङ्कावली, तारक, चञ्चरिकालवती, विजया | १६ |
| शक्वरी | १४ | वसन्ततिलका, अपराजिता, इन्दुवदना, प्रहरणकलिका, वासन्ती,लोला, नान्दीमुखी, चक्रपद, प्रमदा, मञ्जुला, प्रभात, असम्बाधा, मृदुमाला, विभूति,अलोला, लक्ष्मी, दिक्पाल, उग्रवासन्ती | १८ |
| अतिशक्वरी | १५ | मालिनी शशिकला, तूणक, लीलालेख, विपिनतिलका, चन्द्ररेखा, चित्रा, प्रभद्रक, एला, निशिपाल, भ्रमरावलि, मेनका, रसिका | १३ |
| अष्टि | १६ | पञ्चचामर, वाणिनी, मदनललिता, प्रवरललिता, नील, अचलधृति, गरुडरुता, चञ्चला, ऋषभगजविलसित, चकिता, वीभत्स,विधाता, ब्रह्मायणी, सृष्टि | १४ |
| अत्यष्टि | १७ | शिखरिणी, पृथ्वी, मन्दाक्रान्ता, वंशपत्रपतिता, हरिणी, नर्कुटक, हारिणी, भाराक्रान्ता, मालधर, कोकिल | ९ |
| धृति | १८ | चित्रलेखा, नन्दन, नाराच, शार्दूलललित, कुसुमितलतवेल्लिता, मञ्जिरा, चञ्चरी, हरिणीप्लुता, केशर, धृति, रूपामाली | ११ |
| अतिधृति | १९ | शार्दूलविक्रीडित,छाया, मेघस्फूर्जिता, सुरसा, फुल्लदाम, शम्भु,चन्द्रमाला, धृतपल्लवी | ८ |
| कृति | २० | सुवदना, गीतिका, शोभा, चित्र, स्रग्वरी | ५ |
| प्रकृति | २१ | स्रग्धरा, सरसी, नरेन्द्र, भामिनी, सिद्धक | ५ |
| आकृति | २२ | मदिरा, भद्रक, हंसी, आख्यानकी, देवकी | ५ |
| विकृति | २३ | अद्रितनया, मत्ताक्रीडा, सुन्दरी, नवमदिरा | ४ |
| सङ्कृति | २४ | तन्वी, दुर्मिला, किरीट, ललितलता | ४ |
| अतिकृति | २५ | क्रौञ्चपदा | १ |
| उत्कृति | २६ | भुजङ्गविजृम्भित, अपवाहा | २ |
| दण्डक | २७ | चण्डवृष्टि | १ |
| दण्डक | २८ | तिलका र शालूर | २ |
| दण्डक | ३४ | त्रिभङ्गी | १ |
| २९ | | | २६१ |

भण्डारीको उल्लेखित ऋतम्भरा महाकाव्यमा प्रयुक्त छन्दहरूको गणना गर्ने उद्देश्य यस लेखमा राखिएको छ ।

## छलफल तथा व्याख्या विश्लेषण

### ऋतम्भरा : सारसंक्षेप

'ऋतम्भरा' शब्दको शाब्दिक अर्थ खोज्नुभन्दा पहिले 'ऋत' शब्दको अर्थ हेर्नु पर्ने हुन्छ । 'ऋ' धातुमा (क्त) 'त' प्रत्यय लागेर निर्माण भएको ऋत शब्दको अर्थ -शाश्वत नियम, सनातन व्यवस्था, सत्य-तथ्य, यथावस्तुचिन्तन, तथ्यचिन्तन, पावन कृत्य, रीति-रिवाज, शिलोञ्छ (शिला खोज्ने), जल भन्ने देखिन्छ भने

'ऋतम्भरा' को अर्थ - सत्यको पोषक वा धारक प्रज्ञा (आप्टे र चतुर्वेदी, २०११, पृ. १९४) भन्ने देखिन्छ । बृहत् नेपाली शब्दकोशमा पनि यसैसँग मिल्दोजुल्दो 'ऋत' को अर्थ - सत्य, साँचो, उचित, ठीक, पूजा गरिएको, सम्मान गरिएको, चारैतिर प्रकाश छर्ने, चम्किलो, चहकिलो, मुक्ति, मोक्ष, सृष्टिको आदि तत्व वा कारण र ईश्रीय नियम भन्ने गरिएको पाइन्छ भने 'ऋतम्भरा' को अर्थ- सत्यको धारणालाई बल दिने, वा पुष्ट गर्ने चित्तवृत्ति, सधैँ एकरस वा एकनास रहने सात्विक वृत्ति वा बुद्धि (बृ.ने.श.को. २०४०, पृ. १६३) भन्ने पाइन्छ । यहाँको 'ऋतम्भरा' शब्दले प्रायः यी सबै अर्थहरूको सारलाई ग्रहण गरेको देखिन्छ ।

महाकवि मोहनप्रसाद भण्डारीद्वारा रचित र प्रतिभा निकेतन, दमक, झापाबाट प्रकाशित ऋतम्भरा महाकाव्य २१ सर्गमा आबद्ध छ । यसको पृष्ठसङ्ख्या ४८६, चतुष्पदी श्लोक २९७५ र विविध २९ वटा छन्दहरूको प्रयोग यसमा देखिनाले यो बृहत् आकारको महाकाव्य ठहरिन्छ । भट्टराई (ऋतम्भरा, २०७३, एक, भूमिका) का अनुसार 'ऋतम्भरा नेपाली भाषमा रचित एउटा महत्वाकांक्षी बृहदाकार महाकाव्य हो । यसको निर्माणमा श्री भण्डारीले दुई दशकभन्दा बढी अर्पण गर्नुभएको छ ।' यस महाकाव्यले पूर्वीय चिन्तन, धर्म-दर्शन, संस्कृति आदिका गूढतम रहस्यहरूको भित्री तहमा पुगेर स्वरूप ग्रहण गर्दछ र आर्य-अतीतको चेतना तथा विश्वव्यापी भूमिकामा खेल्दछ । विश्व-ब्रह्माण्ड हुदै प्रकृतिक सृष्टि र मनोलोकको अनन्ततासँग गाँसिन पुग्दछ । यसले बृहत् आयाम लिने क्रममा पाश्चात्य जगत्को महागाथाको कति परम्परा, चरित्र, परिवेश र काव्यमान्यतालाई पनि आफ्ना विषयवस्तुसँग जोडेको छ ( भट्टराई, ऐं.) भन्ने कुरा पनि यहाँ स्मरणीय रहेकाले यस महाकाव्यले अधिक मात्रामा पूर्वीय मान्यता र आंशिक मात्रामा पाश्चात्य मान्यतालाई पनि आत्मसात् गरेको देखिन आउँछ ।

ऋतम्भरा महाकाव्यमा प्रापक, प्राप्य र निर्देशकको भूमिकामा पृथ्वीका यावत् समस्याहरूको दर्शक, अनुभावक, उपभोक्तको रूपमा रहेको यात्री/पथिक एक युवक, यी समस्याबाट पार लगाई सारा सृष्टिलाई समृद्ध र आनन्दित तुल्याउने खुवी भएककी ऋतम्भरा र युवकलाई ऋतम्भराप्राप्तिको निर्देशन गर्ने र आफूलाई योगी गोरखनाथ बताउने एक महात्मा तीन मुख्य पात्र देखिन्छन् भने ऋतम्भराको अन्वेषणयात्रामा अधि बढेका युवक (म पात्र) लाई सहयोग गर्न श्रद्धा, मेधा आदिको परामर्शमा त्यहाँ पौराणिक मिथकहरूमा तपसिद्ध कर्दम ऋषिलाई प्राप्त कामग विमानजस्तै, देवराज इन्द्रको ऐरावत हात्तीजस्तै र पुष्पक विमानजस्तै मनोवाञ्छा अनुसार चल्ने 'मनोयोगयान' लिएर अवतरित भएकी कल्पना पात्रको पनि विशेष भूमिका रहेको पाइन्छ ।

ऋतम्भरा महाकाव्यमा ऋतम्भराको अन्वेषणको क्रममा देखिने बाह्यजगत्, प्रकृतिजगत् र मनोजगत् गरी त्रिवृत्तात्मक वा त्रिआयामिक परिवेश देखिन्छ । यही त्रिवृत्तमा पृथिवीको एक सचेत, चिन्तनशील, अन्वेषणशील, देशभक्त युवक/पथिकले ऋतम्भराको दर्शन गर्ने इच्छाले कल्पना र उक्त मनोयोगयानको सहारा र सहयोगमा ऋतम्भराको खोजी गर्दा प्राप्त भएको सिन्धुयात्रा, भौगोलिक यात्रा, प्रकृतिक यात्रा र आफ्नै अन्तरलोकको मनोयात्राकै कथाव्यथा, कार्यव्यापार र घटनाबाट यसमा वस्तुविन्यास भएको छ ।

जीवन एवं जगत्का अनेकौं विकृति र विसङ्गतिका विकराल समस्या तथा शान्ति, समृद्धि, विकास र सिर्जनाका अनन्त सम्भावनाहरूको घामछायाभित्र रुमलिएर सकारात्मक पक्षको प्रवर्धनका लागि उपयुक्त मार्ग पहिल्याउन नसकी विभ्रमित भएको पृथिवीका एक युवक फेरि पनि जीवनको यथार्थ, सम्पूर्णता, विवेक, शान्ति, सङ्गति र समृद्धि खोज्न मध्यरातमा एकाकी घरबाट निस्केर हिड्छन् । आकाशका तारा र वादलु छायाभित्रबाट जूनले उसलाई चियाइरहेका हुन्छन् । यात्री पर वन्य फाँटको बडेमान्को शाल्मली वृक्षमुनि प्रभाती उषाकिरणमा, बालसूर्यले हिमालको बुईचढ्न लागेको अवस्थामा आफूलाई पाउँछन् । एक छिनपछि

पर कतै क्षितिजबाट शङ्खघण्टसँगै मन्दिरमा हुने आरतीको सुमधुर ध्वनि त्यहाँको वन र पर्वत श्रृङ्खलामा ठोकिएर प्रतिध्वनित हुँदै गुञ्जायमान् भएको अनुभवका साथै विविन्न सुगन्धित धूपको वासना र पुष्पपराग एवं सुवासले त्यो वन्य प्रकृतिनै मगमगाएको अनुभव गरी यात्री त्यतैतर्फ पाइला चाल्दछन् ।

यात्री अघि बढ्दै जाँदा वनभित्रकै एउटा पर्णकुटीमा पुग्दछन् । त्यहाँ देखापरेका एक सन्त महात्मासँग पथिक पृथिवीमा सङ्गति कसरी पाइन्छ भन्ने बारेमा प्रश्न गर्दछन् तर महात्मा उत्तर नदिई अलि परको वनको ओडारतिर इशारा गर्दछन् । महात्माको तपस्यामा व्यवधान गर्नु उपयुक्त नहुने ठानी पथिक तीमहात्माले सङ्केत गरेको वन्य ओडारतिर लाग्छन् । रहस्यमय त्यो ओडारको ऐश्वर्य र वैभवले भरिएको देखिन्छ । त्यहाँ २२-२४ वर्षको लाग्ने एउटा हृष्टपुष्ट जवान एउटी १६-१८ की देखिने युवतीका साथ मांसमदिराका साथ रसरङ्मा मस्त रहेको भेटिन्छ । पथिक र त्यहाँको युवकबीच सम्वाद हुँदा अघि आफू सदाचारी भएका बखत संसारले नै आफूलाई मान्ने गरेको तर आफूले त्यसरी तपस्ययधर्म र निष्ठा त्यागेपछि अरु महात्माले त्यो स्थान छोडेकाले त्यहाँ एक्लै बस्ने गरेको बताएपछि यात्री अझ आश्चर्यचकित हुन्छन् ।

यात्री र त्यहाँको मानिसबीच कुराकानीहुदै जाँदा त एक छिनपछि त्यहाँ न त्यो मानिस त्यहाँ हुन्छ न त्यो परिदृश्य नै त्यहाँ हुन्छ । त्यहाँ त आफूलाई गोरखनाथ बताउने एक तपस्वी सन्त पो देखिन्छन् । युकक यात्री हर्षविस्मय हुँदै आफ्ना जिज्ञासाहरू राख्दछन् । ती सन्त यी सारा प्रश्नको समाधनसहितको उत्तर ऋतम्भरासँग मात्र रहेकाले उनको खोजी गर्न सल्लाह दिन्छन् । यसै क्रममा मनोयोगविमानसहित त्यहाँ अवतरित भएकी कल्पनाको साथ र सहयोगमा पथिक तिनै गोरखनाथ योगी सन्तले मार्गनिर्देश गरेअनुसार ऋतम्भराको अन्वेषण यात्रामा लाग्दछन् ।

## ऋतम्भरा–अन्वेषणयात्रा

ऋतम्भराको अन्वेषणयात्रा त्रिवृत्तात्मक देखिन्छ । यस महाकाव्यको नायक युवक/पथिक महाकाव्यमा समग्र संसार र सृष्टिको त्रिवृत्त (त्रिआयामिक) परिक्रमा गर्दछ । यसको पहिलो वृत्त जलपरिवेष्टित समग्र भूगोलको बाहिरी वृत्त हो । यसमा सिन्धुवृत्त (सामुद्रिक) र भूवृत्त (भौगोलिक) पर्दछन् । दोस्रामा समस्त प्रकृति-जगतको मध्यवृत्त पान्छ । यसमा जड प्रकृति र चेतन प्रकृतिका दुई अवस्था भेटिन्छन् । तेस्रो वृत्त मनोजगत्को महत्तम अन्तर्वृत्त देखापर्दछ । यसमा मनका विभिन्न अवस्था, मनोग्रन्थी र प्रवृत्तिहरू पर्दछन् । यस महाकाव्यमा एकलव्य कर्मसाधनामा लागेको मुख्य पात्र पथिक मनोयोगद्वारा कल्पना र उनीसँगै अवतरित कामगविमानको सहायतामा उल्लेखित तेस्रो वृत्त मनोजगत्को अन्तर्वृत्तका केन्द्रबाट ऋतम्भरालाई प्राप्त गरी उनलाई लिएर धर्तीलोकमा ओर्लिन्छन् । ऋतम्भराको स्वगतार्थ धर्तीमा प्रतीक्षारत सबैले उनको भव्य स्वागत गर्दछन् र उनीसँग यहाँका मानिसहरू दीनदुःखी हुनाको कारण र दुःख निवारणको उपाय पनि सोध्दछन् । यिनीहरूको जिज्ञासा र मर्म बुझेर ऋतम्भरा दया र वात्सल्यमा कारुणिक बन्दै जगत्को कल्याणका लागि छताछुल्ल भएर पोखिन थाल्छिन् ।

यसरी हेर्दा ऋतम्भरालाई प्राप्त गर्न बाह्यजगत्, प्राकृतिक संसार र मनोजगत्का त्रिआयामिक वृत्तहरूमा अविराम यात्रा गर्दै अन्तिममा ऋतम्भरालाई धर्ती लोकमा पदार्पण गराउन यहाँको पात्र यात्री सफल भएको हुँदा यसलाई तीन पत्रीय कथावस्तु भएको 'त्रिवृत्त महाकाव्य' पनि भन्न सकिन्छ । यसले जलप्रकृति, थलप्रकृति, प्राकृतिक भूगोलका साथै अन्तिममा मनोलोकको समेत यात्रा गरेर ऋतम्भरालाई प्राप्त गरेको देखाएर कविले हरेक समस्याको समाधान सुझबुझपूर्ण अन्तर्मनबाटै निस्कन सक्छ भन्ने अन्तदृष्टि पनि यस महाकाव्यमा राखेको देखिन्छ ।

## ऋतम्भरामा प्रयुक्त छन्द

माथिको परिचर्चापछि अब यस लेखको मूल आशयमा प्रवेश गरिन्छ । यस अध्ययनको मुख्य विषय महाकवि मोहनप्रसाद भण्डारीद्वारा रचित ऋतम्भरा महाकाव्यमा छन्दप्रयोग हेर्नु रहेको छ । छन्द बुझ्न गण र गणसूत्र बुझ्नु आवश्यक हुन्छ । गण आठ वटा हुन्छन् । प्रत्येक श्लोकका पाउमा रहेका अक्षरहरूलाई क्रमशः तीन-तीन अक्षरका दरले हेर्दा तिनमा पहिलो अक्षर दीर्घ र पछिका दुई ह्रस्व (ऽ।।) भए 'भ' गण, बीचको दीर्घ (।ऽ।) भए 'ज' गण, अन्तिममा दीर्घ (।।ऽ) भए 'स' गण, पहिलो ह्रस्व (।ऽऽ) भए 'य' गण, बीचमा ह्रस्व (ऽ।ऽ) भए 'र' गण, अन्तिममा ह्रस्व (ऽऽ।) भए 'त' गण, तीन वटै अक्षर दीर्घ (ऽऽऽ) भए 'म' गण र तीन वटै ह्रस्व (।।।) भए 'न' गण (तिमसिना र भँडारी, २०३२ : २) हुन्छन् । यस दृष्टिले प्रस्तुत महाकाव्यलाई हेर्दा यसमा प्रयुक्त छन्दहरूलाई महाकाव्यमा भएको प्रवृष्टिका आधारमा क्रमिक रूपमा  हेरिन्छ । यसरी हेर्दा यसको प्रथम सर्गदेखि क्रमागत अवस्था यस प्रकार पाइन्छ :

ऋतम्भरा महाकाव्यको प्रथम सर्गमा १७२ श्लोक रहेका छन् । यसमा श्लोक एकदेखि एकसय एकहत्तर सम्म मालिनी छन्द र अन्तिमको एक श्लोकमा तोटक छन्द प्रयोग गरिएको भेटिन्छ ।

### मालिनी

'न न म य य' गण भई पन्ध्र अक्षर भएको मालिनी छन्द हुन्छ । जस्तै :

अवनति छ धराको आज यो दैन्य हाल
यिनकन दिन ऊर्जा रत्न धारा खसाल ।
भनि अति बिनती यो नीरजा साथ गर्छु
नयन-मन दुवैले शारदा ! पाउ पर्छु ॥ (ऋतम्भरा, १/१)

### तोटक

'चार वटा स' गण भई बाह्र अक्षर हुने तोटक छन्द हुन्छ । जस्तै :

विशराम भनी जब पान्थ उठे
वन वैभवका सुख सैन्य जुटे ।
पवनै छ यहाँ वनको प्रहरी
झरनाहरु छन् जलका लहरी ॥ (ऋतम्भरा, १/१७२)

दोस्रा सर्गमा १३४ श्लोक रहेकामा १३३ श्लोकमा तोटक नै छन्द र अन्तिमको एक श्लोकमा शालिनी छन्द देखिन्छ ।

### शालिनी

'म त त' गण भई अन्तिममा दुईटा दीर्घ भएमा एघार अक्षरको शालिनी छन्द हुन्छ । जस्तै :

हल्का पारी चित्तको बोझ भारी
लामो यात्रा सिर्जनाको तयारी ।
गर्दै यात्री उच्च शिक्षा लिएर
निक्ले साथी छन् कि कोही भनेर ॥ (ऋतम्भरा, २/१३४)

तेस्रा सर्गमा १२७ श्लोक भएकामा १२६ श्लोक शालिनी छन्दमै र अन्तिमको १ श्लोकमा मल्लिका छन्द पाइन्छ ।

## मल्लिका

'र ज' गण र अन्तिमका दुईमा पहिलो दीर्घ र पछिल्लो ह्रस्व भएमा आठ अक्षरको मल्लिका छन्द हुन्छ। यसलाई समानिका पनि भनिएको पाइन्छ। जस्तै :

सत्य पुञ्ज छेउनेर
पुग्नु पर्छ भोलिबेर।
बास आज यैं बसौं कि
भन्छ यान व्योमदेखि ॥ (ऋतम्भरा, ३/१२७)

चौथा सर्गमा १९२ श्लोक देखिएकामा १९१ श्लोक मल्लिका छन्दमै र अन्तिमको १ श्लोक मन्दाक्रान्ता छन्दमा पाइन्छ।

## मन्दाक्रान्ता

'म भ न त त' गण अन्तिमका दुई अक्षर दीर्घ भएमा सत्र अक्षरको मन्दाक्रान्ता छन्द हुन्छ। यहाँ उदाहरण हेरौं :

भाका नौलो तल जलधिको पार प्रस्ताव बोकी
आयौं ऐले प्रकृति घरमै सत्यको बास खोजी।
आए झर्दै अविरल कथा सार यो सर्गसम्म
आउन् यस्तै नव सृजनका राग उर्लेर टम्म ॥ (ऋतम्भरा, ४/१९२)

पाँचौं सर्गमा १४३ श्लोक पाइएकामा १४२ श्लोक मन्दाक्रान्ता छन्दमै र अन्तिमको १ श्लोकमा मालिनी छन्दको प्रयोग भेटिन्छ।

छैटौं सर्गमा सर्गमा ११२ श्लोक रहेकामा १११ श्लोक मन्दाक्रान्ता छन्दमा र अन्तिमको १ श्लोक मालिनी छन्दमा देखिन्छ।

सातौं सर्गमा १५० श्लोक पाइएकामा १४९ श्लोकमा वसन्ततिलका छन्द र अन्तिमको १ श्लोकमा द्रुतविलम्बित छन्द पाइन्छ। जस्तै :

## वसन्ततिलका

'त भ ज ज' गण र अन्तिममा दुईटा अक्षर दीर्घ हुँदा चौध अक्षरको वसन्ततिलका छन्द हुन्छ। जस्तै :

यात्रा सकेर जलको थल मार्गबाट
थालौं प्रयाण भनी जीवनको विराट।
आशा उमङ्ग शुभ सामल क्यै लिएर
निस्कें बिहानी पखमै सपना कथेर ॥ (ऋतम्भरा, ७/३)

## द्रुतविलम्बित

'न भ भ र' गण भई बाह्र अक्षरको दुतविलम्बित छन्द हुन्छ। जस्तै :

जनमको पृथिवी जलको कथा
सृजन उन्नतिको छ परम्परा।
यति कथेर अझै परका छवि
लिन हिँड्यो मति देश छुँदै कवि ॥ (ऋतम्भरा, ७/१५०)

आठौं सर्गमा १२७ श्लोक रहेका छन्। यसका सबै श्लोक द्रुतविलम्बित छन्दमै आबद्ध देन्छिन्।

नवौं सर्गमा ३९२ श्लोक भएकामा ३९१ श्लोकमा अष्टाक्षरी अनुष्टुप् छन्दको र अन्तिम १ श्लोकमा शिखरिणी छन्द भेटिन्छ ।

## अनुष्टुप्

अनुष्टुप् छन्द आठ अक्षरको हुन्छ । यसमा अन्य छन्दमा जस्तो गण-व्यवस्था पाइँदैन । यसमा निश्चित स्थानमा ह्रस्व र दीर्घ वर्णको प्रयोगमा नै यो छन्द निर्मित हुन्छ । विषम वा एक र तीन पाउको सातौं अक्षर दीर्घ र सम वा दुई र चार पाउको सातौं अक्षर ह्रस्व तथा चारै पाउको पाँचौं अक्षर ह्रस्व र छैटौं अक्षर दीर्घ भएमा यो अनुष्टुप् छन्द हुन्छ । जस्तैः

ग्रीष्म लाग्यो यतै फेरि फिर्छन् ताँती विहंगका ।
मानौं स्वदेश फिर्दैछन् वैदेशी रोजगारका ॥ (ऋतम्भरा, ९/६)

## शिखरिणी

'य म न स भ' गण र अन्तिमका दुईमध्ये पहिलो ह्रस्व र दोस्रो चाहिँ दीर्घ हुने सत्र अक्षरको शिखरिणी छन्द हुन्छ । उदाहरण हेरौं :

भयो भद्दा भारी अलिकति पनी छैन रसिलो
ऋताको के हुन्थ्यो प्रखर महिमा स्वद खँदिलो ।
जसो भो यो उत्तर् अमरिकि महाद्वीप भवरका
टिपी ल्यायौं थोरै कुशल सृजना बीज विधिका ॥ (ऋतम्भरा, ९/३९२)

दशौं सर्गमा १११ श्लोक पाइएकामा ११० श्लोक शिखरिणी छन्दमै र अन्तिमको एक श्लोक पञ्चचामर छन्दमा पाइन्छ ।

## पञ्चचामर

'ज र ज र ज' गण र अन्तिममा एउटा दीर्घ हुने सोह्र अक्षरको पञ्चचामर छन्द बन्दछ । जस्तै :

चढूँ चढूँ अझै चढूँ उठेर भम्छ लेखनी
बढूँ बढूँ अझै बढूँ नयाँ प्रभात भो भनी ।
उडूँ उडूँ उतै उडूँ अनन्त व्योम टाकुरा
पुगूँ पुगूँ उतै जहाँ प्रसुप्त छिन् ऋतम्भरा ॥ (ऋतम्भरा, १०/१११)

एघारौं सर्गमा १३३ श्लोक रहेकामा १३१ श्लोकसम्म पञ्चचामर नै छन्द, १३२ औंमा वसन्ततिलका छन्द र अन्तिम १३३ औंमा मालिनी छन्दको प्रयोग पाइन्छ । यिनका लक्षण र उदाहरण माथि नै आइसकेका छन् ।

बाह्रौं सर्गमा ११७ श्लोक पाइएकामा ११६ सम्म स्रग्धरा छन्द र अन्तिमको १ श्लोकमा स्रग्विणी छन्दको प्रयोग देखिन्छ ।

### स्रग्धरा

'म र भ न य य य' गण भएमा एक्काइस अक्षरको स्रग्धरा छन्द हुन्छ । जस्तै : यात्रा लामो छ हाम्रो सजल धरणि औ व्योमका पारिसम्म

लाखौं छन् बिग्नबाधा विकट जहरिला त्रासदी छन् अचम्म ।
पत्तो केही नपाई अलमल हुन गै मार्गको रूपरेखा
खोजी गर्दै पसेथ्यौं अनविदित जहाँ सिर्जना छन् लुकेका ॥ (ऋतम्भरा, १२/१)

## स्रग्विणी

'र र र र' चार र गण भएमा बाह्र अक्षरको स्रग्विणी छन्द हुन्छ । जस्तै :

सिन्धु औ धर्तिका रङ्गिला अङ्गमा
सत्यता खोजदा कल्पना सङ्गमा ।
क्लान्त भै थोर विश्रामका खातिर
फर्कियो चित्त यो फूल बस्तीतिर ॥ (ऋतम्भरा, १२/११७)

तेरौं सर्गमा १०९ श्लोक देखिन्छन् । यसका १०८ श्लोक स्रग्विणी छन्दमै र अन्तिमको १ श्लोक भुजङ्गप्रयात छन्दमा रहेको भेटिन्छ । जस्तै :

## भुजङ्गप्रयात

'य य य य' चार य गण भएमा बाह्र अक्षरको भुजङ्गप्रयात छन्द हुन्छ । जस्तै : ऋता सत्यका बल्दछन् जाँ चिराक

सबेरै उठी त्यै कलालोकभित्र ।
पसौंला भनी सिर्जनाको मलाई
भनिन् काव्यकी कल्पना साथ आई ॥ (ऋतम्भरा, १३/१०९)

चौधौं सर्गमा ११७ श्लोक पाइएकमा ११६ सम्म भुजङ्प्रयात छन्दमै र अन्तिम १ श्लोकमा उपजाति छन्द पाइन्छ ।

## उपजाति

'त त ज' गण र दुई दीर्घ भएको इन्द्रवज्रा र 'ज त ज' गण र दुई दीर्घ भएको उपेन्द्रवज्रा दुईटै छन्द मिलेर बनेको छन्द एघार अक्षरको उपजाति छन्द हुन्छ । जस्तै

लाई मितेरी फुलका सँगैमा
आयौं कलाका ऋतचित्धरामा ।
पुग्नू छ फेरी ऋतिकै हवेली
साथै हुनिन् यी पथकी सहेली ॥ (ऋतम्भरा, १४/११७)

पन्धौं सर्गमा ११६ श्लोक रहेकामा ११५ श्लोमा उपजाति छन्द र अन्तिमको १ श्लोकमा वियोगिनी छन्द देखिन्छ ।

## वियोगिनी

पहिला र तेस्रा पउमा 'स स ज' गण र एउटा दीर्घ भई दस अक्षर तथा दोस्रा र चौथा पउमा 'स भ र' गण र एउटा ह्रस्व तथा एउटा दीर्घ भएर एघार अक्षर भएमा वियोगिनी छन्द हुन्छ । जस्तै :

यति कल्प कथा बुनीसकी
मृदु माधुर्यलता सुवासकी ।
छ कहाँ घरद्वार शान्तिको
दिल यो बुझ्न अझै हतारियो ॥ (ऋतम्भरा, १५/११६)

सोह्रौं सर्गमा १२३ श्लोक रहेकामा १२२ श्लोकमा वियोगिनी छन्द र अन्तिमको १ श्लोकमा शार्दूलविक्रीडित छन्द पाइन्छ ।

## शर्दूलविक्रीडित

'म स ज स त त' गण भई अन्तिममा दीर्घ भएमा बाइस अक्षरको शार्दूलविक्रीडित छन्द हुन्छ । जस्तै :

यो चिन्तामणि सुप्त थ्यो हृदयको जागा भयो आखिर
पाएँ दर्शन बल्ल दिव्य फुलका सौन्दर्यको वैभव ।
आइन् सत्य परागबाट मनका वासन्तिका यानमा
फकलिन् वनपुष्पिता किरण ली यो काव्यका झाँगमा ॥

(ऋतम्भरा, १६/१२३)

सत्रौं सर्गमा १२१ श्लोक रहेकामा १२० श्लोकमा शार्दूलविक्रीडित छन्द र अन्तिमको १ श्लोकमा वंशस्थ/इन्द्रवंशा छन्द प्रयोग भएको देखिन्छ ।

## वंशस्थ

'ज त ज र' गण हुने बाह्र अक्षरको वंशस्थ छन्द हुन्छ । जस्तै :

सकेर यो सर्ग अझै उता पर
रहेछ कस्तो दरबार सुन्दर ।
प्रभातमै हेरन जाउँ भनी
सुलाइ भन्छिन् नभ पंखगामिनी ॥ (ऋतम्भरा, १७/१२१)

अठारौं सर्गमा १२२ श्लोक पाइएकामा १२१ श्लोकमा वंशस्थ/इन्द्रवंशा छन्दको प्रयोग पाइन्छ भने अन्तिमको १ श्लोक विजया छन्दमा आवद्ध पाइन्छ ।

## वंशस्थ+इन्द्रवंशा (उपजाति)

'ज त ज र' गण हुने बाह्र अक्षरको वंशस्थ र 'त त ज र' गण हुने बाह्र अक्षरको इन्द्रवंशा छन्दमा एउटा मात्र मात्राको भिन्नताले छन्द फरक पर्ने भएकाले प्रायः यिनीहरू मिश्रित भएर यहाँ आएका छन् । यसलाई पनि एक प्रकारको उपजाति (नेपाल, २०७४ :१३६) मानिन्छ । जस्तै :

वयस्क भो रात बढेर तिर्सना
सुत्यो सबै सुन्दरता सुषुप्तिमा ।
शय्या थियो मञ्जरिको सुकोमल
हिलाउँथे चामर पंख पल्लव ॥ (ऋतम्भरा, १८/१)

## विजया

'न भ भ भ' गण र अन्तिमको एउटा अक्षर दीर्घ हुँदा विजया छन्द हुन्छ । जस्तै : यति सुनेर कथा ऋतिका घरको

अतुल संपदिताऽखिल वैभव त्यो ।
जतनले यसलाई बसाउँ यतै
जग रचेर स्वदेश गुगोस उँभै ॥ (ऋतम्भरा, १८/१२२)

उन्नाइसौं सर्गमा १०५ श्लोक रहेकमा १०४ श्लोक विजया छन्दमा र अन्तिमको १ श्लोक भुजङ्गसङ्गता छन्दमा पाइन्छ ।

## भुजङ्गसङ्गता

'स ज र' गण भएको नौ अक्षरको भुजङ्गसङ्गता छन्द हुन्छ । जस्तै :

नव सिर्जना विधायिनी
ऋतिका मिठा कुरा सुनी
दिल दङ्ग छन् यहाँ सबै
ऋत सत्यका निगाह भै ॥ (ऋतम्भरा, १९/१०५)

बीसौं सर्गमा १११ श्लोक रहेकामा ११० श्लोक भुजङ्गसङ्गता छन्दमा पाइन्छन् भने अन्तिम १ श्लोक कामदा छन्दमा पाइन्छ ।

## कामदा

'न र र' गण र एउटा अक्षर ह्रस्व तथा एउटा दीर्घ भएमा कामदा छन्द हुन्छ । यसलाई इन्दिरा पनि भनिएको पाइन्छ । जस्तै :

सुजनलाई यो सान्त्वना दिई
तारका सरी चल्मलाउँदै
इतरलोकको चिन्तना गरी
जान खोजछिन् सचिदम्बरी । (ऋतम्भरा, २०/१११)

ऋतम्भरा महाकाव्यको एक्काइसौ सर्गमा १४१ श्लोक देखिन्छन् । यसमा श्लोक एकदेखि बाह्रसम्म कामदा, तेह्रदेखि अट्ठाइससम्म शशिवदना, उनन्तीसदेखि अठतीससम्म इन्द्रवज्रा, उनन्चालीसदेखि उनन्चाससम्म चामर, पचासदेखि बयसट्ठीसम्म रथोद्धता, त्रिसट्ठीदेखी त्रिहत्तरसम्म संयुता, चौहत्तरदेखि चौरासी उपेन्द्रवज्रा, पचासीदेखि छयानब्बेसम्म चम्पकमाला, सन्तानब्बेदेखि एक सय सातसम्म स्वगता, एकसय आठदेखि एकसय एक सय सत्रसम्म अभिनभतामरस, एक एक सय अठारदेखि सय अट्ठाइसम्म मालिनी र एक सय उनन्तीसदेखि एकसय एकचालीससम्म वसन्ततिलका टन्दको प्रयोग देखिन्छ ।

## शशिवदना

'न य न य' गण भएको  बाह्र अक्षरको शशिवदना छन्द हुन्छ । जस्तै :

कल कल झर्ना शिर तल झारी
विपिन बगैंचा लहलह पारी ।
सलल बगेथे अतुलित स्वादु
ऋत सरिताका रसमय जादू ॥ (ऋतम्भरा, २१/१४)

## इन्द्रवज्रा

'त त ज' गण र पछाडि दुई वटा दीर्घ भए दस अक्षरको इन्द्रवज्रा छन्द हुन्छ । जस्तै :

साँच्चै गए सत्य समाज छोडी
होला धराको कुन हाल भोली ।
चिन्ता सबैका मनभित्र घुम्थ्यो
आखिरमा अक्कल क्यै पलायो ॥ (ऋतम्भरा, २१/३१)

### चामर/तूणक

'र ज र ज र' गण भई पन्ध्र अक्षरको चामर छन्द हुन्छ। जस्तै :

व्योमबाट ओर्लिएर हैमशैलका मुनि
सत्य शिल्प छाल चल्छ बाल कल्पना सरी
सिर्जना छचल्किँदै नदी र पोखरीभरी।
अग्नि वायु व्योम नीर यी धरासँगै मिली
झल्किँदो छ यो विराट रूप सत्यकै खिली॥ (ऋतम्भरा, २१/४२)

### रथोद्धता

'र न र' गण र एक ह्रस्व तथा एक दीर्घ हुने दस अक्षरको रथोद्धता छन्द हुन्छ। जस्तै :

पुष्पका अमर पधका मुनि
वासना रँग परागमा पनि।
चातुरी मधुपबाट नै सिकी
खोजिएन कि तलै सुधानिधि॥ (ऋतम्भरा, २१/५२)

### संयुता/गीतिका

'स ज ज' गण र एउटा अक्षर दीर्घ भए दस अक्षरको संयुता छन्द हुन्छ। जस्तै : कति छन् कथा ऋतिका मिठा

रसदा सदा परमार्थिका।
जति भेटिए अनुशोधमा
तर गन्न को सकला यहाँ॥ (ऋतम्भरा, २१/६३)

### उपेन्द्रवज्रा

'त त ज' गण र दुई अक्षर दीर्घ भएमा एघार अक्षरको उपेन्द्रवज्रा छन्द हुन्छ जस्तै :

बिहान भो रात बितेर बल्ल
दिनेश आए नभमा उठेर।
प्रकाशले अन्ध तमिस्रलाई
सनक्क पाऱ्यो मनको हटाई॥ (ऋतम्भरा, २१/७४)

### चम्पकमाला/रुक्मवती

'भ म स' गण र एक दीर्घ भएमा दस अक्षरको चम्पकमाला बन्दछ।जस्तै :

काव्य धराका सुन्दर भाव
एक छ आत्मा रूप हजार।
शाश्वत धारा प्रीत वहेका
शिल्प कलाका जून सितारा॥ (ऋतम्भरा, २१/८५)

### स्वागता

'र न भ' गण र दुई अक्षर दीर्घ भएमा एघार अक्षरको स्वगता छन्द बन्दछ। जस्तै :

खोजियो भुवनका वन बाग
पुष्पका परम सूक्ष्म पराग।
पुण्यकर्म सहजै नहुनाले
चित्तका मल अझै धुन थाले॥ (ऋतम्भरा, २१/१००)

## अभिनवतामरसा

'न ज ज य' गण भएमा बाह्र अक्षरको अभिनवतामरसा छन्द हुन्छ । जस्तै :

सकल कला अव रूप लिएर
वसुमतीका घर आँगन द्वार ।
मिरमिर छन् सब पिल्पिल साँझ
ऋत छविका नव आकृति माझ ॥ (ऋतम्भरा, २१/१०८)

यसरी हेर्दा महाकावि मोहनप्रसाद भण्डारीको ऋतम्भरा महाकाव्यमा २९ प्रकारका शास्त्रीय छन्दको प्रयोग भेटिन्छ भने २९७५ चतुष्पदी श्लोकमा २९ छन्दमध्ये पूर्व पूर्वप्रयोग र परिवर्तित गरी ५२ पटक छन्द प्रयोग गरिएको देखिन आउँ छ । तलका दुई वटा तालिकाबाट यसबारे अझ स्पष्ट हुन सकिन्छ ।

ऋतम्भरा महाकाव्यका सर्गमा, छन्द र श्लोकसङ्ख्याको विवरण यस्तो पाइन्छ :

| सर्ग | श्लोक | छन्द | प्रयोग गरिएको | श्लोक विवरण |
|---|---|---|---|---|
| १ | १७२ मा | मालिनी, तोटक | क्रमशः १, १, | १७१, १, १७२ |
| २ | १३४ | तोटक, शालिनी, | क्रमशः १, १, | १३३, १, १३४ |
| ३ | १२७ | मल्लिक | क्रमशः १, १, | १२६, १, १२७ |
| ४ | १९२ | मल्लिका, मन्दाक्रान्ता | क्रमशः १, १, | १९१, १, १९२ |
| ५ | १४३ ,, | मन्दाक्रान्ता,मालिनी | क्रमशः १, १, | १४२, १, १४३ |
| ६ | ११२ ,, | मन्दाक्रान्ता, मालिनी | क्रमशः १, १, | १११, १, ११२ |
| ७ | १५० | वसन्ततिलका, द्रुतविलम्बित | क्रमशः १, १, | १४९, १, १५० |
| ८ | १२७ , | द्रुतविलम्बितसबै | क्रमशः १, - | १२७, - १२७ |
| ९ | ३९२ ,, | अनुष्टुप्, शिखरिणी, | क्रमशः १, १, | ३९१, १, ३९२ |
| १० | १११ ,, | शिखरिणी, पञ्चामर, | क्रमशः १, १, | ११०, १, १११ |
| ११ | १३३ | पञ्चचामर,वसन्ततिल.,मालिनी | १,१, १, | १३१, १, १, १३३ |
| १२ | ११७ ,, | स्रग्धरा, स्रग्विणी | १, १, | ११६, १, ११७ |
| १३ | १०९ ,, | स्रग्विण्मी, भुजङ्गप्रयात | १, १, | १०८, १, १०९ |
| १४ | ११७ ,, | भुजङ्गप्रयात, उपजाति, | १, १, | ११६, १, ११७ |
| १५ | ११६ ,, | उपजाति, वियोगिनी, | १, १, | ११५, १, ११६ |
| १६ | १२३ ,, | वियोगिनी, शार्दूलविक्रीडित | १, १, | १२२, १, १२३ |
| १७ | १२१ ,, | शार्दूलविक्रीडित, वंशस्थ/इन्द्रवंशा | १, १, | १२०, १, १२१ |
| १८ | १२२ ,, | वंशस्थ/इन्द्रवंशा, विजया, | १, १ | १२१, १, १२२ |
| १९ | १०५ ,, | विजया, भुजङ्गसङ्गता | १, १, | १०४, १, १०५ |
| २० | १११ ,, | भुजङ्गसङ्गता, कामदा | १, १, | ११०, १, १११ |
| २१ | १४१ ,, | कामदा, शशिवदना, इन्द्रवज्रा, | १, १, १, | १२,१६, १०, ३८ |
| | | चामर, रथोद्धता, संयुता, | १, १, १, | ११, १३, ११, ३५ |
| | | उपेन्द्रवज्रा,चम्पकमाला, स्वागता, | १, १, १, | ११, १२, ११, ३४ |
| | | अभिनवतामरस, मालिनी, वसन्ततिलका | १, १, १, | १०, ११, १३, ३४ |
| २१ | २९७५ | | ५२ | २९७५ |

ऋतम्भरा महाकाव्यमा प्रयुक्त छन्द, प्रयोग गरिएको पटक र श्लोक विवरण यस प्रकार पाइन्छ :

| क्र.सं. | छन्द | प्रयोग गरिएको पटक | श्लोक विवरण |
|---|---|---|---|
| १ | मालिनी | ५ | १८५ |
| २ | तोटक | २ | १३४ |
| ३ | शालिनी | २ | १२७ |
| ४ | मल्लिका | २ | १९२ |
| ५ | मन्दाक्रान्ता | ३ | २५४ |
| ६ | वसन्ततिलका | ३ | १६३ |
| ७ | द्रुतविलम्बित | २ | १२८ |
| ८ | अनुष्टुप् | १ | ३९१ |
| ९ | शिखरिणी | २ | १११ |
| १० | पञ्चचामर | २ | १३२ |
| ११ | स्रग्धरा | १ | ११६ |
| १२ | स्रग्विणी | २ | १०९ |
| १३ | भुजङ्गप्रयात | २ | ११७ |
| १४ | उपजाति | २ | ११६ |
| १५ | वियोगिनी | २ | १२३ |
| १६ | शार्दूलविक्रीडित | २ | १२१ |
| १७ | वंशस्थ | २ | १२२ |
| १८ | विजया | २ | १०५ |
| १९ | भुजङ्गसङ्गता | २ | १११ |
| २० | कामद | २ | १३ |
| २१ | शशिवदन | १ | १६ |
| २२ | इन्द्रवज्रा | १ | १० |
| २३ | चामर | १ | ११ |
| २४ | रथोद्धता | १ | १३ |
| २५ | संयुता | १ | ११ |
| २६ | उपेन्द्रवज्रा | १ | ११ |
| २७ | चम्पकमाला | १ | १२ |
| २८ | स्वागता | १ | ११ |
| २९ | अभिनवतामरस | १ | १० |
| | २९ | ५२ | २९७५ |

***द्रष्टव्य :*** यहाँ वंशस्थ छन्द र वंशस्थ+इन्द्रवंशा छन्दका पद्यहरू मिश्रित भएर आएकाले वंशस्थ छन्दमा नै गणना गरिएको छ ।

## निष्कर्ष

एक्काइस सर्ग भएको ऋतम्भरा महाकाव्य ४८६ पृष्ठमा रचना गरिएको वृहत् आकारको ललित महाकाव्य ठहर्छ । यहाँको कथावस्तु कविकल्पित र पूर्वीय धर्मदर्शन र सूक्ष्मतम रहस्यहरूलाई केलाउँदै लोककल्याणकारी मार्ग पहिल्याएर लोकको उन्नति, प्रगति, विकास, समृद्धि र बाहिरी तथा आन्तरिक शान्तिको प्राप्तिका लागि यी सबैकी प्रतीक बनेकी ऋतम्भरा प्राप्तिका लागि अघि बढेर लक्ष्यसमेत प्राप्त गर्न सफल भएको हुँदा पूर्वीय काव्यशास्त्रले अपेक्षा गरे अनुरूप नै देखिन्छ । भूगोल, प्रकृति र मनोलोकको त्रिवृत्त परिक्रमा यसमा देखिनाले यस महाकाव्यको परिवेश र कार्याव्यापारमा भने पाश्चात्य जगत् पनि

सघन भएर आएको छ । पात्ररचनाका दृष्टिले हेर्दा यहाकी नायिका ऋतम्भरा नायक युवककी प्रेमिका नभएर आराध्या देखिन्छिन् । यहाँको नायक युवक विनीत, मधुर स्वभावको, कार्यप्रति लगनशील, बुद्धि, उत्साह स्मृति, प्रज्ञा, शूर, दृढ, तेजस्वी र गोरखनाथले निर्देश गरेको ज्ञानचक्षु भएको देखिनाले काव्यको आकार र भावगाम्भीर्यको भारलाई वहन गर्न सक्ने महाकाव्योचित देखिन्छ । यसरी हेर्दा महाकाव्यको आन्तरिक सौन्दर्य पूर्वीय र प्रकृति-दर्शन र भौगोलिक सौन्दर्यमा पाश्चात्य भावधाराको स्वच्छन्दतावादी प्रवृति पनि यसमा पाइन्छ ।

विविधतापूर्ण शास्त्रीय छन्दहरूको प्रयोग, कुनै सर्ग एउटै टन्दमा र कुनै सर्ग विविध छन्दमा रचना गरिएको पाइनाले र आठौं सर्गबाहेक अन्य सर्गको अन्त्यमा छन्दको परिवर्तन र भावी सर्गको कथाको सूचनासमेत देखिनाले काव्यशास्त्रीय विधिअनुकूल नै यसमा छन्दप्रयोग भएको देखिन्छ । यी सम्पूर्ण विविधताले भरिएको ऋतम्भरा महाकाव्यले धरै कुरामा समानता राख्तै खास गरेर छन्द-प्रयोगमा शाकुन्तलीय मार्ग र प्रविधि अँगालेको देखिन्छ ।

## सन्दर्भ सामग्री


आप्टे, वामन शिवराम र चतुर्वेदी, ए.के (२०११), *संस्कृत, अङ्ग्रेजी, हिन्दी शब्दकोश* (नयाँ  संस्करण), दिल्ली : अमित पब्लिसर्स ।

गैरोला, वाचस्पति (२००३), *संस्कृत साहित्यका इतिहास* (पुनर्मुद्रित संस्करण),वाराणसीःचौखम्बा विद्याभवन ।

झा, श्रीनरेशजी (२०६१), वेदाङ्गौं का परिचय,*कल्याण* वेद-कथाङ्क, गोरखपुर : गीताप्रेस ।

ढुङ्गाना, गोविन्दप्रसाद (२०६६), *छन्दोहार* (तेस्रो सं), काठमाडौं : साझा प्रकाशन ।

तिमसिना, डिल्लीराम र भँडारी, माधव (२०३२), *छन्द र अलङ्कार* (चौथोपल्ट), पाँचथर : एकचेपा, प्रेमजनक पुस्तकालय ।

द्विवेदी, पारसनाथ (२०००), *वैदिक साहित्यका इतिहास,* दिल्ली : माधव पुस्तक ।

नेपाल देवी (२०७४), *छन्द-पराग* (तेस्रो सं), काठमाडौं : ऐरावती प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (२०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, गोविन्दराज (भण्डारी, मोहनप्रसाद (२०७३) **ऋतम्भरा** भित्र), भूमिका, दमक, झापा : प्रतिभा निकेतन

भण्डारी, मोहनप्रसाद (२०७३), *ऋतम्भरा,* झापा दमक : प्रतिभा निकेतन ।